केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/पूर्वाधार/१/०७६/७७

मिति: २०७६/०४/२०

**इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंक,**

महाशय,

यस बैंकवाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकको लागि जारी गरिएको निर्देशन, २०७५ को विभिन्न इ.प्रा. निर्देशनहरुमा यसैसाथ संलग्न तालिका बमोजिम संशोधन/परिमार्जन/नयाँ व्यवस्था थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

(देवकुमार ढकाल)
कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाण्डौ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।

**यस बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७५ मा संशोधन/परिमार्जन/नयाँ व्यवस्था थप**

| क.स. | निर्देशन २०७५ मा भएको विद्यमान व्यवस्था | निर्देशन २०७५ मा गर्ने संशोधन/परिमार्जन/नयाँ थप व्यवस्था |
|---|---|---|
| १. | **निर्देशन नं. २ को बुँदा नं. १**<br>**१. कर्जा तथा सुविधा** : संस्थाले पूर्वाधार विकाससँग सम्वन्धित परियोजनाहरुमा मात्र कर्जाहरु प्रवाह गर्न सक्ने छ। बैंकले **रु. ५० करोड** प्रति परियोजना भन्दा कम कर्जा तथा सुविधाको सीमा स्वीकृति तथा प्रवाह गर्न सक्नेछैन ।<br>तर, आफुले जारी गरेको मुद्दती निक्षेप रसिदको धितोमा **रु. ५० करोड**भन्दा कम रकमको कर्जा प्रदान गर्न यो व्यवस्थाले वाधा पुगेको मानिने छैन । | **निर्देशन नं. २ को बुँदा नं. १ मा संशोधन**<br>**१. कर्जा तथा सुविधा** : संस्थाले पूर्वाधार विकाससँग सम्वन्धित परियोजनाहरुमा मात्र कर्जाहरु प्रवाह गर्न सक्ने छ । बैंकले **रु. ३० करोड** प्रति परियोजना भन्दा कम कर्जा तथा सुविधाको सीमा स्वीकृति तथा प्रवाह गर्न सक्नेछैन ।<br>तर, आफुले जारी गरेको मुद्दती निक्षेप रसिदको धितोमा **रु. ३० करोड**भन्दा कम रकमको कर्जा प्रदान गर्न यो व्यवस्थाले वाधा पुगेको मानिने छैन । |
| २. | **निर्देशन नं. १८ नयाँ बुँदा नं. ७ थप।** | **निर्देशन नं. १८ नयाँ बुँदा नं. ७ थप गरी क्रम संख्या मिलान गरिएको छ ।**<br>७. संस्थाले अनिवार्य रुपमा आफ्नो वेवसाइट राख्नु पर्ने छ । वेवसाइटमार्फत हाल सार्वजनिक भएका सामाग्री २०७६ पौषमसान्तसम्ममा नेपाली भाषामा सार्वजनिक गर्नुका साथै अब उप्रान्त सार्वजनिक हुने सामाग्रीहरु नेपाली भाषामा समेत सार्वजनिक गर्नु पर्नेछ । |
| ३. | **निर्देशन नं. १९ मा नयाँ बुँदा नं. १२ थप**<br>हाल नभएको । | **निर्देशन नं. १९ मा नयाँ बुँदा नं. १२ थप गरिएको छ ।**<br>१२. संस्थाले प्रत्येक आर्थिक वर्षका लागि निक्षेप दायित्व तथा कर्जा सापट सहितको वार्षिक कार्ययोजना संचालक समितिबाट स्वीकृत गराई हरेक आर्थिक वर्षको साउन मसान्तभित्र यस बैंकको बैंक सुपरिवेक्षण विभाग समक्ष अनिवार्य रुपमा पेश गर्नुपर्ने छ । साथै, उक्त कार्ययोजना कार्यान्वयनको अनुगमनका सम्वन्धमा सम्वन्धित बैंकको संचालक समितिले त्रैमासिक समीक्षा गरी त्रयमास समाप्त भएको १५ दिन भित्र यस बैंकको बैंक सुपरिवेक्षण विभागमा पेश गर्नु पर्ने छ । यस बैंकबाट सुपरिवेक्षणका क्रममा सो कार्ययोजनालाई सम्वन्धित संस्थाको अनुगमनको आधारको रुपमा लिइनेछ । |